5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✔दक्ष तथा अनुभवी प्रशिक्षक ।
✔EPS-TOPIK परिक्षा सम्बन्धी नि:शुल्क परामर्श ।
✔सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✔FREE books with cd
✔Regular class/ Mock test
✔गुपमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

❍वर्ष ५ ❍अंक १९९ ❍श्रेणी 'क' ❍२०७१ वैशाख १४ गते आइतबार ❍ 27 April. 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware सँगै)
977-61-522668, 533421,9805877868

## स्थानिय निकायको निर्वाचन गर्न आवश्यक तयारी भैरहेको छ – उपप्रधानमन्त्री गौतम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ बैशाख**

नेपाल सरकारका उपप्रधान तथा गृहमन्त्री बामदेव गौतमले लामो समयदेखि स्थानिय निकार्यको निर्वाचन नहुदाँ जनताले परिर्वतनको आभाष गर्न नपाएको बताउदै संविधान जारी गर्नुअघि स्थानीय निकायको निर्वाचन सम्पन्न गर्न आवश्यक तयारी भैरहेको बताएका छन् ।

पोखराको नयाँबजार स्थीत क्षेत्रीय संग्रहालय नजिक निमार्ण गरिएको हार्डवेयर एशोसियनको नवनिर्मति भवनको शनिबार उद्घाटन गदै गौतमले सरकारले संविधान जारी गर्नुअघि स्थानिय निकायको निर्वाचन गर्ने तयारी गरेको स्पष्ट पारे । उनले एमाओबादी र मधेशी दल भने वर्तमान अवस्थामा निर्वाचन हुन नहुने बताउँदै आएका कारण समस्या देखिएको समेत बताए । सरकारले स्थानियस्तरमा ठूलो लगानी गरेको भएपनि जननिवाचित प्रतिनिधि नहुदाँ सोचे अनुरुप प्रतिफल प्राप्त हुन नसकेको गौतमको भनाइ थियो । उनले दलहरु बीच सहमती कायम गदै निर्वाचन सम्पन्न गर्न सरकार लागी परेको मा जोड दिए । संविधान निर्माण भन्दा अघि स्थानीय निकायको निर्वाचन गर्नुपर्छ ।त्यसको लागि राजनीतिक दलहरुमा सहमतिको खाँचो छ । उनले नेपाली काँग्रेस र नेकपा एमाले स्थानीय निकायको निर्वाचनको पक्षमा रहेको उल्लेख गर्दै एनेकपा माओवादी र केही मधेशवादी दलहरुकै कारण सहमति हुन नसकेको जिकिर गरे ।



**लौ लिनुहोस् हाम्रो उपहार** : उपप्रधानमन्त्री वामदेव गौतमलाई मायाको चिनो प्रदान गर्दै पोखरा हार्डवयर एशोसियशनका अध्यक्ष अर्जुन बञ्जारा । साथमा संविधान सभा सदस्य यज्ञबहादुर थापा र एशोसियशनका पूर्व अध्यक्ष तिर्थ बस्नेत लगायत अन्य । तस्बीर : शिरोमणी बराल(गोल्डेन न्यूज)

पोखरा हार्डवयेर एशोसियसनले एक करोड ८ लाख ७१ हजार रुपियाँ खर्च गरेर आफ्नो पक्की भवन निर्माण गरेको हो । एशोसियशनका अध्यक्ष अर्जुन बन्जराले कर राज्यमुखी भन्दा पनि सरकारमुखी बन्दै गएको गुनासो त्यस समारोहमा गरेका थिए । एशोसियशनका उपाध्यक्ष दिलिपराज श्रेष्ठले विभिन्न उद्योगी व्यवसायी र शुभचिन्तकहरुको सहयोगबाट भवन निर्माण गरिएको जानकारी दिए । कार्यक्रमका संयोजक एवं एशोसियशनका पूर्व अध्यक्ष तिर्थबहादुर बस्नेतले नव निर्मित भवनका कारण व्यवसायिक हकहितको लागि आवाज उठाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । भवनको भुईतलामा प्रदर्शनी कक्ष, पहिलो तलामा सचिवालय दोस्रो तलामा सेमिनार हल र तेस्रो तलमा कार्यालय सहयोगीको कक्ष बनाईएको जानकारी महासचिव प्रेमप्रसाद पौडेलले गोल्डेन न्यूज दैनिकलाई दिए ।

भवन उद्घाटन समारोहमा संविधान सभाका सदस्य द्वय यज्ञबहादुर थापा र रविन्द्र अधिकारी, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्द राज मुल्मी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष सञ्जीवबहादुर कोइराला, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष बाबुराम गिरी, नेपाल उद्योग वाणिज्य महासंघका सदस्य युवकराज भण्डारी, नेपाल निमार्ण साम्राग्री व्यवसायी महासंघका अध्यक्ष विनोद केशरी उपाध्याय, पोखरा हार्डवयर एशोसियशनका वरिष्ठ सल्लाहकार रामचन्द्र थापा, एशोशियसनका पूर्व अध्यक्ष महेश पराजुली लगायतले आ-आफ्नो भनाई राखेका थिए । त्यस अवसरमा भवन निर्माणमा आर्थिक एवं भौतिक सहयोग गर्ने विभिन्न औद्योगिक तथा व्यापारीक प्रतिष्ठानका प्रतिनिधिहरुलाई सम्मान समेत गरिएको थियो ।

## तरुणहरुको त्यागले लोकतन्त्र बलियो: खाँण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ बैशाख**

नेपाल तरुणदल कास्कीले आयोजना गरेको कार्यकर्ता प्रशिक्षण कार्यक्रम शनिबार पोखरामा सम्पन्न भयो । प्रशिक्षणमा कास्की जिल्ला स्थित विभिन्न गाउ तथा नगर कार्यसमितिका तरुणदलका करिब ३ सय प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै नेपाली काग्रसेका केन्दीय सदस्य एवंम तरुणदलका पुर्व केन्द्रिय अध्यक्ष बालकृष्ण खाँणले तरुणहरुले आफ्नो प्रतिभा उजागर गर्दै राजनीतिक र सामाजिक स्वतन्त्रताको लागि अगुवाई गनुपर्ने बताए । काग्रेस नेता खाँणले तरुणहरुको त्यागका कारण मुलुकमा लोकतन्त्र बचेको कुराको चर्चा गरे । वर्तमान अवस्थामा नेपाली काग्रेस कमजोर भएमा लोकतान्त्रिक संविधान बन्न नसक्ने भएकोले काग्रेसलाई सृदृढ पार्न पनि तरुणहरु सक्रिय हुनुपर्नेमा उनको जोड थियो ।सहभागीहरुलाई वरिष्ठ प्रशिक्षक महेश दाहाल र दलका पुर्व महासचिव पुष्पराज पराजुली लगायतले प्रशिक्षण दिएका थिए ।



नेपाल तरुण दल कास्कीका अध्यक्ष कृषि काफ्लेको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा संविधानसभाका सदस्य द्वय यज्ञ बहादुर थापा र शारदा पौडेल, काग्रेस नेता सोभीयतबहादुर अधिकारी, नेपाली काग्रेस महासमिति सदस्य नरेश शंकर पालिखे, कास्की काग्रेसका सचिव द्वय कृष्ण के.सी. र युवराज कुँवर, काग्रेस जिल्ल कोषाध्यक्ष दिवसमान प्रधानाङ्ग, तरुणदलका केन्द्रिय सदस्य मुक्तीराम अधिकारी, लम्जुङ तरुणदलका अध्यक्ष रमेश पाण्डे, नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणी बराल, नेपाल दलित संघका केन्द्रिय सदस्य परशुराम वि.पोखरेल, तरुणदलका जिल्ला सचिव पदम बस्ताकोटी र शंकर ढुङ्गान, जिल्ला सदस्य मनोज गुरुङ्ग लगायतले आ-आफ्नो भनाई राखेका थिए ।नेपाल तरुण दलले आफ्ना गतिविधिलाई तरुणहरु माझ पुऱ्याउन नसकिरहेको अवस्थामा पोखरामा आयोजित प्रशिक्षणले भने यूवाहरुलाई वैचारिक उर्जा प्रदान गरेको महशुस गरिएको छ । प्रशिक्षणमा यूवा र तरुणहरुका साथै नेपाली काँग्रेसका विभिन्न तहमा रहेका तथा विभिन्न भातृ संस्थाका प्रतिनिधि समेत सहभागि थिए ।

आवश्यकता
यस कम्पनीको व्यवसाय, प्रबर्द्धन तथा शाखा विस्तारका लागी निम्न संख्यामा कर्मचारीहरू आवश्यकता
➤ रिसेप्सनिष्ट २ जना महिला (पोखरा र लेखनाथबाट)
➤ डाटा म्यानेजर २ जना महिला/पुरुष (पोखरा, लेखनाथ र स्याङजाबाट)
➤ वेभसाइट डिजाइनर २ जना महिला/पुरुष
➤ पि.आर अफिसर २ जना महिला/पुरुष (पोखराबाट)
➤ कार्यक्रम संयोजक १ महिला/पुरुष (पोखरा र लेखनाथबाट)
➤ स्वयमसेवक १० जना (महिला/पुरुष)
बजार प्रतिनिधी ४ जना ( महिला/पुरुष)
के तपाई +२ पास वा सो सरह हुनुहुन्छ ?
कि तपाईमा जोस जाँगर छ ?
या तपाई आत्मविश्वासी हुनुहुन्छ ?
Shree Sai
विस्तृत जानकारीका लागि
पोखरा-९, नयाँबजार
सम्पर्क नं : ०६१-५३८७७०, ९८१४१३४०३५

Study in
Australia
Fast Track Offer letter and COE
Our students are getting offer in 1 week, COE in 1 week and the visa approval in 1 week. Its the fast track option and to make your dream to study in Australia within 1 or 2 months.
Apply now and you may be there within May to study for July 2014.
Fee:
A$ 11,600 (1st Year)
A$ 17,000 (2nd year)
A$ 17,000 (3rd Year)
Min Qualification: 10+2 with Min 50%
IELTS: 5.5
Deposit required: ~A$ 8,000/- only. (Semester and OSHC fee)
Students who have genuine bank balance and income source can apply without education loan.
Unicampus EDUCATION NETWORK
www.unicampus.edu.np
Pokhara Office:
Chipledhunga, Pokhara, Nepal
[Oppt. to Old Saleways Dept. Store]
T:061-551805, 9846049095
Head Office: KTM, Putalisadak | 01-4418019

Admission Open
UNIVERSITY OF CAMBRIDGE
A Level
-Science
-Management
Bridge Course
Classes in progress
Top in Nepal
Sagar Pratap Ghimire
AS Level : Economics 2012
Niraj Gurung
A*, A*, A*, A, A
Batch: 2011
Diwas Timilsina
A*, A*, A*
Currently Studying @ US no.1 Williams College
Sagar Binod Adhikari
A, A, A
Batch: 2009
Paras Sharma
A, A, A
Batch: 2009
Er. Bidur Dahal
A, A, A, A
Currently Working @ Amazon.com (USA)
NOVEL ACADEMY
Excellence in Education
New Road, Pokhara, Nepal
T: 061-535629
E: info@novel.edu.np
W: www.novel.edu.np
www.facebook.com/Novelgram

फेरी खुल्यो
कोरियन
भाषा EPS TOPIK का लागि यही September 26 & 27 मा हुने परीक्षामा
१००% पास हुने गरी पढ्नको लागि पुग्नै पर्ने . . .
(EPS द्वारा ९९ कक्षामा सुविकृत) परिक्षाफलको पुरानो भाषा प्रशिक्षण केन्द्र
टप्स ल्याङ्ग्वेज
हाम्रा विशेषताहरु
EPS-TOPIC 2014 को लागि नयाँ पाठ्यक्रम अनुसार कक्षा सञ्चालन भइरहेको छ ।
२००८ देखि हालसम्मको EPS-KLT TOPIK परीक्षामा सतप्रतिशत पास गराउन सफल,
कोरियन ID Holder तथा कोरियामा लामो समय पत्रकारिता गर्नुभई EPS TOPIK पढाउनकै लागि नेपाल आउनु भएका दक्ष प्रशिक्षकहरुद्वारा अध्यापन गराइने ।
EPS अन्तर्गत विभिन्न मुलुकहरुमा लिइदै आइरहेको प्रश्नपत्रहरुको आधारमा अध्यापन गराइने १०० % पास गराउनको खातिर अमुक सुत्रहरु सिकाइने ।
इच्छा, शक्ति र लगनी तपाईंको, पास गराउने जिम्मा हाम्रो
TOPS
Language & Training Institute
Tel.: 061-622289, 525835

Proud Supporter of TFN TEACH FOR NEPAL
BAJAJ
अब पाउनुहोस् अझ धेरै
सर्वोत्कृष्ट मूल्य तपाईको मोटरसाइकलको
FINANCE सुविधा न्यूनतम ब्याजदरमा
आकर्षक उपहार प्रत्येक खरिदमा
Xchange
BAJAJ गाँठको गाँठ
यही २०७१ वैशाख १४ देखि १६ गतेसम्म
ICHHASHAKTI AUTOMOBILES PVT. LTD.
नयाँबजार, पोखरा
समय: बिहान १० बजेदेखि ५ बजेसम्म
फोन नं. ०६१-५२२३१५
कुनै पनि पुरानो मोटरसाइकल ल्याउनुहोस्, नयाँ बजाज मोटरसाइकल घरैर जानुहोस् ।
HH Sole Distributor for Nepal: Hansraj Hulaschand & Co. Pvt. Ltd. Teku Road, Kathmandu, Nepal.

■ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।

- *महाकवि लक्ष्मीप्रसाद देवकोटा*

## सम्पादकीय

# संविधान निमार्णमा ध्यान केन्द्रित होस

संविधान निर्माण कार्यलाई निश्चित गराउन कार्यतालिका सार्वजनिक गरिएपछि जनमानसमा संविधानसभाप्रति आशा पलाएको छ । यसपटक सम्पन्न भएको दोस्रो संविधानसभाको प्रकृतिलाई हेर्दा भने संविधान आउनेमा विश्वास गरिहाल्ने आधार छैन । २०५२ सालदेखि सुरु भएको सशस्त्र युद्ध गरेको पक्षमध्येको एउटा शक्ति संविधानसभामा कमजोर अवस्थामा रहेको र अर्को शक्तिले सडकबाट खबरदारी गरिरहेको अवस्थाले संविधान आइहाले पनि त्यसको मान्यता संकटमा पर्ने निश्चित छ भनेर अनुमान गर्न कठिन छैन । संविधानसभाले संविधान निर्माणका लागि कार्यतालिका सार्वजनिक गरेपछि त्यस सम्बन्धमा बहस हुनु आवश्यक छ । २०७१ सालको माघ महिनाको ८ गतेसम्ममा संविधान जारी गरिने कार्यतालिका सार्वजनिक गरिएको छ । पहिलो संविधानसभाले पनि कार्यतालिका सार्वजनिक गरेको थियो । कार्यतालिकाअनुसार काम सम्पन्न हुन नसकेपछि लगातार १२ पटकसम्म कार्यतालिकालाई संशोधन गरिएको थियो । १२ पटकसम्म संशोधन गर्दा पनि कार्यतालिका बमोजिम संविधान निर्माण गर्न नसकिएपछि अन्ततः २०६९ सालको जेठ १४ मा संविधानसभाको अवसान भएको थियो । त्यसैले कार्यतालिका बन्दैमा संविधान आउँछ भनेर विश्वास गरिहाल्न सकिंदैन ।

पहिलो संविधानसभाले किन संविधान दिन सकेन भन्ने सम्बन्धमा छलफल मूल्यांकन हुनु आवश्यक छ । कार्यतालिका बनेकै थियो र समयानुकूल आवश्यकताअनुसार कार्यतालिकामा संशोधन पनि भएकै थियो । तर पनि संविधान बन्न नसकेर संविधानसभा नै विघटन भएको घटनाले राजनीतिक दलका नेताहरूलाई शिक्षा मिल्नु पर्दछ । सार्वजनिक गरिएको कार्यतालिकालाई असंशोधनीय मानेर तदनुरूप काम गर्ने हो भने संविधान निर्माण गर्न कुनै कठिन छैन । तर पनि राजनीतिक दलका नेताहरूले त्यस्तो सम्भावना देखाइरहेका छैनन् । 'हुने विरुवाको चिल्लो पात' भने झैं दलका नेताहरूबीच भागबण्डामै समय बिताउनुपर्ने परिस्थिति सृजना भइरहेकाले त्यति सजिलै कार्यतालिका अनुसार काम सम्पन्न होला भनेर आशा गर्ने ठाउँ छैन । भागबण्डाको झगडाले गर्दा अझै पनि संविधानसभाले नै पूर्णता पाउन सकेको छैन । सरकारले मनोनित गर्नुपर्ने २६ जना सभासद्को मनोनयन हुन नसक्नुले कार्यतालिकाप्रति विश्वास गर्ने ठाउँ देखिंदैन । दलहरूले २६ जना सभासद्का निम्ति भागबण्डा गरिरहेका छन् । कुन दललाई कति दिने भन्नुभन्दा संविधान निर्माण कार्यका निम्ति सक्षम विशेषज्ञहरूको चयन गरेर निश्चित समय तोकिदिने हो भने ती २६ जनाले नै संविधानको मस्यौदा गर्न सक्नेछन् । सार्वजनिक गरिएको कार्यतालिकाअनुसार काम गर्ने म्याण्डेटसहित मनोनित २६ सभासद्हरूलाई संविधानका आधारवस्तुहरू तोकेर दिने र सडकको आवाजलाई समेत संविधानसभामा समेट्नुपर्छ भन्ने सोचका साथ काम गर्ने हो भने कार्यतालिकालाई फेरि म्याद थप्नु नपर्ला, अन्यथा गल्ती दोहोरिने र असफल हुने नियमितताको पुनरावृत्ति अवश्यंभावी नै छ । सविधानसभाबाट संविधान जारी भएकै भोलिपल्ट अर्को संविधान सडकबाट पनि घोषणा गर्ने तयारी सडकबाट भइरहेको सार्वजनिक भएको छ । त्यसैले सडकबाट घोषणा गर्न तयारी भएको संविधानका अन्तरवस्तुलाई पनि सकेसम्म समेटेर संविधानसभाबाट जारी गरिने संविधान सर्वसम्मत गराउन प्रयास हुनु जरुरी छ । अन्यथा संविधान जारी भए पनि द्वन्द निम्त्याउने आधार त्यही संविधान नै हुनसक्नेतर्फ संविधानसभाको असफलता नै सिद्ध हुने निश्चित छ ।

## आजको पञ्चाङ्ग

**आज मिति २०७१ साल वैशाख १४ गते आइतबार, तदनुसार अप्रिल २७ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चल्दै छ । चान्द्रमान अनुसार वैशाखकृष्णापक्ष चलिरहेको छ । शौरमान अनुसार आज वैशाखकृष्णपक्षको त्रयोदशी तिथि २० घटि ५७ पला अर्थात दिनमा ३ बजेर ५३ मिनेटसम्म त्यसउप्रान्त चतुर्दशी तिथि लाग्नेछ । आज सूर्य मेष राशिमा रहेको छ भने मीन राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३२ घटि ४० पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ३० मिनेटमा रौद्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ३४ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : मानसिक पीडा थपिनेछ, प्रेममा बिछोड हुन सक्नेछ , आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने ।

**वृष** : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

**मिथुन** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

**कर्कट** : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

**सिंह** : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा र हनेछन, छोराछोरीले सताउने, वायू रोगले सताउने ।

**कन्या** : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

**तुला** : आफन्तसँग झगडा हुने, कार्यमा विध्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

**वृश्चिक** : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

**धनु** : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

**मकर** : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

**कुम्भ** : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने।

**मीन** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# पूर्वाञ्चल सेवा समाजले स्थापना दिवस मनायो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ९ वैशाख ।**



पूर्वाञ्चल सेवा समाज पोखराले आफ्नो स्थापना दिवस पोखरा १७ स्थित महलगौडा हात्तिपाइलामा रहेको पोखरा वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुलाइ फलफुल तथा खाध्यान्न वितरण गरि मनाएको छ ।

पूर्वाञ्चल सेवा समाज स्थापना भएको १६ वर्ष पूरा भइ १७ वर्ष प्रवेश गरेको शुभ अवशरमा समाजले पहिलो पटक उक्त कार्यक्रम गरेको हो । उक्त कार्यक्रममा त्यहा रहेका २७ जना पुरुष तथा २३ जना महिला वृद्धवृद्धाहरुले पूर्वाञ्चल सेवा समाजको उत्तरोत्तर प्रगतीको शुभकामना व्यक्त गरेका थिए । उक्त वृद्धाश्रममा सल्यान जिल्ला घर भएकी एक सय चार वर्षिया नन्दकला पौडेल देखि ६० वर्षमाथिका जेष्ठ नागरीकहरु बस्ने गर्दछन् । पोखरा वृद्धाश्रमका उपाध्यक्ष टीका बहादुर भण्डारीले पोखरा वृद्धाश्रम पश्चिमाञ्चलकै पहिले वृद्धाश्रम भएको बताउदैं अहिले सम्ममा ४२ जना वृद्ध आमाबुवाहरुको यसै वृद्धाश्रममा मृत्यु भैसकेको बताए ।

उनले यहा बसेका मध्ये दुई जना अहिलेसम्मा हराएको बताए । उनले वृद्धाश्रममा वृद्धवृद्धाहरु मानिसले वाटामा ल्याएर फाल्दिने, प्रहरीले ल्याएर बुझाउने तथा विभिन्न संघसंस्थाहरुले ल्याएर जिम्मा लगाउने गरेको बताए ।

वृद्धाश्रम मुख्यतय जनसहयोगले चलेको बताउदै उनले भने विमारी हुंदा सिद्धार्थ क्लब, रेडक्रस सोसाइटी लगायतका संघसंस्थाहरुले एम्बुलेन्स सुविधा तथा गण्डकी हस्पिटलले ७५ प्रतिशतसम्म निशुल्क औषधी उपचार गर्ने गरेको बताए । यस वृद्धाश्रममा सम्पति भएका तथा सन्तती नभएका, असहाय, असक्त तथा घरवाट अपहरित भइ विकालिएका वृद्धवृद्धाहरु बस्ने गरेको उनले बताए । पूर्वाञ्चल समाज सेवाले त्यहा वसाइको सन्दर्भमा जिज्ञासा राख्दा वृद्धाश्रमहरुले बसाइ अत्यत्रै सन्तोषपूर्ण रहेको बताए । हामिलाइ आनन्द छ, केहि कुराको पनि असन्तुष्ट्रि छैन, ८५ वर्षिय आमा पुलली दवाडीले वताइन् । मानसिक असन्तुलन भएको मेरो छोरो रामजी दवाडी पनि यहि छ मैले उसको हेरचाह गर्छु ।

नेपाल सरकारले वार्षिकरुपमा ७० हजार वृद्धाश्रमलाई सहयोग दिर्दै आएको छ । अहिले सरकारले एटेज बाथरुम र ट्याइलेट निर्माणका लागि दस लाख रकम आएको पनि उनले बताए ।

पोखरा वृद्धाश्रमसगैं पोखराको छिर्नेडाँडामा वात्सायन वृद्धाश्रम, लेखनाथको लामेआलमा राधेकृष्ण वृद्धाश्रम तथा लेखनाथमै श्रीकृष्ण प्रणामि मन्दिरमा अर्को वृद्धाश्रम रहेको छ ।पूर्वाञ्चल सेवा समाजका अध्यक्ष प्रेम बहादुर सोङमेनको नेतृत्वका फलफुल तथा खाध्यान्न वितरण गर्न गएका समाजका प्रथम उपाध्यक्ष गोपाल खडका ,द्धितिय उपाध्यक्ष गीता विष्ट, सचिव लोकेन्द्र ढकाल, तुमला श्रेष्ठ, भीम लुङगेली, ज्योति लिम्बु लगाएतले वृद्धवृद्धाहरुको पिरमर्का तथा वृद्धाश्रमको भौतिक अवस्थाको बारेमा जानकारी लिएको समाजका सचिव लोकेन्द्र ढकालले बताए ।

# सात जना बृद्धबृद्धालाई सम्मान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख ।**

मल्याङकोट पोखरा सम्पर्क मञ्च कास्कीले आफ्नो तेस्रो वार्षिक साधारण सभाको अवसरमा शनिबार ७ जना वृद्धबृद्धालाई सम्मान गरेको छ । ६० बर्ष उमेर माथिका कुल बहादुर गुरुङ,नर्सरी गुरुङ, क्षेत्र बहादुर राणा, मनकुमारी महत, टुक प्रसाद पौडेल,चन्द्रकला गुरुङ र गोपाल गिरीलाई सम्मान गरीएको हो ।

सम्मानित व्यक्तिहरुलाई सम्मान पत्रको साथमा खादा लगाउदै कार्यक्रमका प्रमुख अतिथि ब्राह्मण्ड समाज नेपालका केन्द्रिय अध्यक्ष नारायण प्रसाद अधिकारी,क्षेत्रीय प्रशाशन कार्यालयका साखा अधिकृत अनिल कुमार साहि, मञ्चका अध्यक्ष नेत्र बहादुर सेनले सम्मान गरेका हुन । नयाँ वर्षको सुभकामना आदान प्रदान गर्दै कार्यक्रममा १५ जना आजिविन सदस्यलाई प्रमाण पत्र समेत वितरण गरिएको थियो ।

# रासायनिक मल तथा विषादि बारे जनचेतना

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख ।**

कास्कीको पुम्दी भूम्दी-५ तिलाहारमा रासायनिक मल तथा विषादिको असर विषयक बृहत जनचेतना कार्यक्रम तथा द स्लो पोइजनीङ अफ इन्डिया नामक वृत चित्र प्रदशनि गरिएको छ ।

दिगो कृषि विकास कार्यक्रम नेपाल कास्की पोखराले शनिबार पुम्दी भूम्दीमा उक्त कार्यक्रम आयोजना गरेको हो। सोहि अवसरमा प्रेम कुमारी बरालको संयोजकत्वमा १३ सदस्यीय पूम्दी भुम्दी अर्गानिक कृषक समूह समुह गठन गरिएको छ ।

स्थानिय तिलाहार आमा समूहका अध्यक्ष प्रेम कुमारी बरालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

`पुम्दी भुम्दीमा फलफुल तथा तरकारी उत्पादन हुने भएकोले यसमा कृषकहरुलाई रसायनिक मलको प्रयोग भन्दा प्राङगारीक मलको प्रयोगसंगै अर्गानिक कृषि उत्पादनमा जोड गर्न सो कार्यक्रम आयोजना गरीएको । दिगो कृषि विकास कार्यक्रम नेपाल कास्कीका कार्यकम अधिकृत देवराज बरालले बताए ।

# माक्सवादको नाममा भ्रष्टिकरण

**गोल्डेन न्यूज संवाददाता**
**पाखरा, १३ वैशाख ।**

माक्सवादी सिद्धान्तलाई समय अनुसार प्रयोगमा ल्याउन नसक्दा माक्सवादको नाममाभ्रष्टिकरण गर्दै आएको कुरा पोखरामा आज आयोजति एक कार्यक्रमका बक्ताहरुलेवताएका छन् । सृजन्सिल लोकतान्त्रिक प्रतिष्ठान पोखरा द्धारा आयोजति सोकार्यक्रममा बोल्ने अधिकाँस वक्ताहरुले माक्सवाद सर्वाहारा र बहुसंख्यक जनताकोपक्षमा लाग्नुपर्नेमा निस्चित ब्यक्ति विशेषले गलत किसिमको ब्याख्या गरी दुरुपयोग गरेकाले माक्सवाद प्रति नै आसंका सृजना गराएको कुरामा जोड दिइयो । कार्यक्रममा प्रध्यापक हरी ओझाले माक्सवाद र यसको भ्रष्टिकरण बारेमा कार्यपत्र प्रस्तुत गर्दै माक्सवादलाई बन्दुकको मार्ग अपनाउँदै शैनिकिकरणमा लगिएको बताए । कार्यक्रममा सहप्रध्यापक पदमशरण रेग्मी र कमल प्रसाद पौडेलले माक्सवादको गलत प्रयोगले कम्युनिष्ट विचारधारमा पनि विचलन आएको बताए ।

कार्यक्रमको अध्यक्षता गर्दै प्रतिष्ठानका अध्याक्ष प्र.डा. विष्णु प्रसाद पौडेलले प्रजातन्त्रवादीहरु मनोगतरुपमा नभई बैचारीक बहसमा सु स्पष्ट र तार्किक ब्याख्या गर्न सक्ने हुनुपर्नेमा जोड दिए । अन्तरक्रिया कार्यक्रममा प्रध्यापक संघका केन्द्रिय कोषाध्यक्ष इन्द्र पौडेल, प्रतिष्ठानका संस्थापक अध्यक्ष हुमाकान्त पाण्डे, कास्की काँग्रेसका सहसचिव मुकुन्द ज्वाला, स्वतन्त्र पत्रकारका संघका केन्द्रिय अध्यक्ष कृष्ण बास्तोला लगाएतले माक्सवादको विचार र यसको गलत ब्याख्याका बारेमा बोलेका थिए ।

# महिलाको क्लबको साधारण सभा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ बैशाख**

महिला क्लब अफ पोखराको आयोजनामा प्रथम साधारण सभा एंव अधिबेशन तथा नव बर्ष २०७१ सालको शुभकामना आदान प्रदान कार्यक्रम शनिबार सम्पन्न भएको छ । कार्यक्रमा सभा अध्यक्ष क्लबका अध्यक्ष विष्णु पराजुलीले संस्थाको बारेमा आफ्नो धारणा राखेका थिए । कार्यक्रमका प्रमुख अथिती पोखरा उपमहानगरपालीकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले महिलाहरुले गरेको कार्यक्रम सहानिय रहेको भन्दै भावि दिनमा आफनो तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । यसैगरी नागरीक समाज पोखराका संयोजक राम बहादुर पौडेलले महिलाहरु यतिकै बस्नुभन्दा सिपमुलक तालिम गनुपर्ने र तडकभडक रहित अगाडि बढ्नुपर्ने प्रेरणा दिए । कार्यक्रममा नेपाली कंग्रेस क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति शोभाचन्द्र बराल, नेकपा एमाले एंव पोखरा उपमहानगरपालिकाको बोड संयोजक तेजनारायण अधिकारी ,सल्लाकार राममोहन आर्चाय लगाएतले आ-आफ्नो विचार राखेका थिए । उपाध्यक्ष मिना आचार्यको स्वागत ,संस्थाका सदस्य लक्ष्मी घिमरेको धन्यवाद रहेको कार्यक्रममा सञ्चालन सस्थाका सचिब कमला खनालले गरेका थिए ।


## बर्गीकृत विज्ञापन

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू नि:शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
- १ बर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता भइरहेको छ ।

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८५६०-४१४९२

**जग्गा भाडामा**
(कम्पाउण्ड सहितको)
पोखरा-१३ स्थित पोखरा औधोगिक क्षेत्र हाईवे ठूलो नहरदेखि पूर्व निर्माण हुँदै गरेको १०×१२को रुम ३ वटा, गार्ड रुम १ वटा, ६ रोपनी क्षेत्रफल कम्पाउण्ड सहितको स्कूल, मन्टेश्वरी, पार्टी प्यालेस, कटेज रेष्टुरेण्टका लागि अति उपयुक्त, साथै लोड ट्रक कम्पाउण्ड भित्र जान सक्ने ।
सम्पर्क : ९८५६०-२०३२७

**खुशीको खबर ! खुशीको खबर !!**
के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरू : पोखरा भ्याली, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014696, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**सुनौलो एफएममा ज्योतिष जागरण**
प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला ।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी ।
मोवाइल : ९८५६०३०९१४

**आकर्षक घडेरीहरू विक्रीमा**
पोखरा उपमहानगरपालिका-११ फूलवारीको सफामार्गमा पर्ने आकर्षक घडेरीहरू सुपथ मूल्यमा विक्रीमा छन् । इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।
घडेरीहरू :
२० हात मोहडा र ३५ हात पिछाड भएको-२ वटा
२० हात मोहडा र ४५ हात पिछाड भएको-१ वटा
सम्पर्क : ०६१-५३२३७२, ९८०११६८७०४

सिद्धार्थ पूजा सामग्री भण्डार
सिद्धार्थचोक पोखराको
**खुसीको खबर**
हामी कहाँ विवाह, व्रतबन्ध, स्त्री, सप्ताह, चौरासी आदि पूजाहरु धर्ममा चाहिने सम्पूर्ण पूजा सामग्रीहरुको होलसेल तथा खुद्रा बिक्री गरिन्छ। साथै ज्योतिष, तान्त्रिक आव्हान देखाउने व्यवस्था पनि गरिएको छ। साथै पण्डितको पनि व्यवस्था छ।
सम्पर्क:. विनोद दाहाल
०६१-५२५३८९, ९८५६०३१६८५

**तुरुन्त खानेपानी चाहिएमा**
मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङकर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

**कुरियर सेवा**
देश विदेशमा चिठीपत्र एवं अन्य पार्सल पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
WorldTouch Cargo & Courier Pvt.Ltd.
चिप्लेढुङ्गा, पोखरा
मो. ९८५६०३६६१०, ९८०६७३८३००

**चावी घर (Key House)**
सिद्धार्थचोक, पोखरा
फोन : ०६१-५२५१९०, ९८५६०२५४९०, ९८०४११३२५१
हाम्रा सेवाहरू : हरेक प्रकारका तालाको चावी डुप्लिकेटिङ्ग, रिपेयरिङ्ग, होम सर्भिस र बन्द रहेको सबै किसिमको दराज, सेफ, ढोका, गाडी, मोटरसाइकल, पोष्टवक्स, टेवल, फाइलिङ्ग क्याविनेट, सुटकेश, नम्बर चावी, सेक्युरिटी लक आदि बन्द खोल्न होम सर्भिसको व्यवस्था छ ।
मास्टर की बनाउनुका साथै चावी सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

**खुशीको खबर**
रु. एक हजारमा गाडी सिकौं।
आत्मनिर्भर बनौं।
सम्पर्क:
लीला ब्रदर्श
९८१५११८०२५

**नि:शुल्क तालिम**
यस गुरुङ हस्तकला तालिम केन्द्रले सम्पूर्ण दिदीबहिनीहरूको लागि
१. गुडिया बनाउने तालिम
२. फूल बनाउने तालिम
सम्पर्क : गुरुङ हस्तकला केन्द्र
नयाँबजार, पोखरा-९
(सगरमाथा उच्च मावि नजिकै)
सम्पर्क : ९८४६१९७४८०

तपाईले पढ्नै पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्नै पर्ने एफ.एम.
102.2 sunaulo fm

**खानेपानी चाहिएमा**
मूलको शुद्ध खानेपानी चाहिएमा र मिनरल वाटर र जार पानी चाहिएमा सम्झनुहोस् ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्वा-१, फोन : ०६१-५३९०६०
९८५६०३७६६६



तरुण दलको प्रशिक्षणका सहभागिहरु : नेपाल तरुण दल कास्कीले शनिबार पोखरामा आयोजना गरिएको प्रशिक्षण कार्यक्रममा तरुण र यूवाहरु मात्र सहभागि भएनन् विभिन्न भातृ संस्था र शुभेच्छुक संस्थाका प्रौढहरु समेत दिन भर बसेर प्रशिक्षणमा सहभागि भए ।
तस्वीर : शिरोमणी बराल(गोल्डेन न्यूज)

# धर्म परिवर्तन गराएको विश्वहिन्दु महासंघ नेपालका राष्ट्रिय कार्यसमितिका सभापतिको आरोप

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख**

विश्वहिन्दु महासंघ नेपालका राष्ट्रिय कार्यसमितिका सभापति नीलप्रसाद भण्डारीले ८१ प्रतिशत भन्दा बढी नेपालीले मान्दै आएको हिन्दु धर्मलाई समाप्त पार्नको लागि ठुलो षडयन्त्र भैरहेको बताएको छ । 'कसैलाई धर्म परिवर्तन गराउन नपाईने अर्न्तराष्ट्रिय कानुनमा नै व्यवस्था हुँदा हुँदै नेपालको गरिबिको फाईदा उठाउँदै तथा पैसाको लोभमा धर्म परिवर्तन गराउने क्रम बढ्दो गएको सभापति भण्डारीले गुनासो राखेका थिए ।

'देशका ठुला राजनितिक दलका ९५ प्रतिशत नेता तथा कार्यकर्ताले हिन्दु राष्ट्रको माग गरिरहेको र त्यसको पक्षमा आवाज पनि उठाएको बताउँदै सभापति भण्डारीले दलहरुले हिन्दु राष्ट्रको बारेमा बोल्न नसकेकोमा दुःख व्यक्त गरे । बिश्वमै हिन्दु धर्म र संस्कृतिको रुपमा पहिचान बनाएको नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरि देशको अस्तीत्वलाई समाप्त पार्न खोजेको आरोप लगाउँदै सभापति भण्डारीले अब बन्ने संबिधानमा हिन्दुराष्ट्र कायम गर्न सम्पुर्ण हिन्दुधर्मालम्वीहरु एकजुट हुनुपर्ने बताए । भण्डारीले प्रत्येक राजनैतीक पार्टीसँग आबद्ध हिन्दु धर्म मान्ने नेपाली जनताहरुले आफ्ना नेता तथा सभाषदहरुलाई हिन्दुराष्ट्र कायम गर्नका लागि दवाब दिनुपर्ने बताए । बिश्वका धेरै देशहरुमा ५१ प्रतिशत भन्दा बढीले मान्ने धर्मलाई नै राष्ट्रिय धर्मको रुपमा मान्यता पाएको तर नेपालमा ८१ प्रतिशत भन्दा धेरै जनसंख्या हिन्दु हुँदाहुँदै पनि भैरहेको हिन्दु राष्ट्रलाई धर्म निरपेक्ष बनाएको आरोप लगाउँदै सभापति भण्डारीले हिन्दु धर्मलाई सांगठानीक रुपमै बलियो बनाउन सम्पुर्ण गाउँ, नगर, अंचल र क्षेत्रीय समितिहरुलाई निर्देशन दिए ।

कार्यक्रममा विश्वहिन्दु महासंघ नेपालका राष्ट्रिय कार्यसमितिका उप-सभापति नबराज के.सी., महा-सचिव चित्रबहादुर के.सी., सचिव पुष्पराज बास्तोला लगायत विश्वहिन्दु महासंघ गण्डकी अंचल सभापति पुष्पराज पराजुली, लुम्बीनि अंचल सभापति बेदराज घिमिरे र पर्वत जिल्ला सभापति सूर्यप्रकाश पौडेल लगायतले नेपाललाई हिन्दुराष्ट्र कायम गर्नका लागि हिन्दुहरु एकजुट हुनुपर्ने बताए ।

सो अवसरमा सभापति भण्डारीले पर्वत जिल्ला कार्किनेटा गाविस-७ निवासी हिन्दुधर्म संरक्षण अभियानका संयोजक भवानीप्रसाद शर्मा र बागलुङ नगरपालीका निबासी निबासी जगन्नाथ आचार्य लाई राष्ट्रिय कार्यसमितिको तेस्रो संसोधित नियमावलीको अध्याय ६ को दफा १८ (क) को प्रयोग गरि केन्द्रीय सदस्य पदमा मनोनित गरेका थिए ।

भेलाले बागलुङका कुलानन्द गौतमको अध्यक्षतामा १९ सदस्यीय विश्वहिन्दु महासंघ नेपालका धौलागिरि अंचल समितिको समेत गठन गरेको छ । गठित समितिको उप-सभापतिमा बागलुङकै हिराबहादुर के.सी., सचिवमा इश्वरीप्रसाद गौतम र कोषाध्यक्षमा खगराज पाण्डे रहेका छन् । समितिको सदस्यमा पर्वतकी शोभा शर्मा, ओमप्रसाद उपाध्याय, तुलसीराम सुबेदी, मुस्ताङका कृष्णप्रसाद शर्मा र म्याग्दीका दण्डपाणी पौडेल रहेका छन् । त्यसैगरी समितका अन्य सदस्यहरुमा बागलुङका इन्द्रराज श्रेष्ठ, मेघराज पाण्डे, शिव गौतम, रामवहादुर श्रेष्ठ, चुडामणी शर्मा, जगदिश्वर शर्मा र नारायण गौतम रहेको आयोजकले जनाएको छ ।

विश्वहिन्दु महासंघ नेपालका धौलागिरि अंचल सभापति कुलानन्द गौतमको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको स्वागत जगन्नाथ आचार्य र संचालन शिव गौतमले गरेका थिए । कार्यक्रममा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# पोखरा बचत सहकारीद्वारा युरोगार्ड सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख**

सृजनाचोक स्थित पोखरा बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो बाहौं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०७१ वैसाख १३ गते शनिबारका दिन श्री गिता मन्दिर, रामघाट, पोखरालाई १ थान युरोगार्ड सहयोग हस्तान्तरण गरेको छ ।पोखरा - ११, रामघाटमा अवस्थित श्री गिता मन्दिर परिसरमा आश्रित वृद्धाहरु र मन्दिरमा पूजाअर्चना गर्न आउने श्रद्धालु भक्तजनहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्य अनुरुप सहकारीले आफनो वार्षिकोत्सवको अवसरमा उक्त सहयोग गरेको हो । मानव स्वास्थ्य नै सबै भन्दा ठूलो धन भएको र मानिस स्वस्थ रहनको लागि स्वच्छ खानेपानीको अति नै ठूलो महत्व रहेको भनाई राख्दै मन्दिरलाई आवश्यक खानेपानी शुद्ध गर्ने विद्युतीय उपकरण "यूरोगार्ड" सहयोग प्रदान गरेकोमा मन्दिर व्यवस्थापन समितिका महासचिव श्री शिव प्रसाद गौतमले पोखरा बचत तथा ऋण सहकारीलाई सहयोगको लागि धन्यवाद दिए । त्यस्तै उनले मन्दिर परिसरमा हाल १७ जना वृद्धाहरु बस्दै आउनु भएको जानकारी दिए ।सहयोगी संस्था पोखरा बचत सहकारी संस्थाका अध्यक्ष आश बहादुर गुरुङ्गको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सहकारी संस्थाका कर्मचारी, शेयरसदस्य, संचालक समिति, लेखा समिति, शिक्षा उपसमिति, महिला उपसमितिका पदाधिकारीहरुको साथै मन्दिर परिसरमा बस्नु हुने वृद्धाहरुको समेत उपस्थिति रहेको थियो ।सहकारीको सात वटा सिद्वान्त मध्ये सातौं समुदाय प्रतिको चासो अनुरुप आयोजित उक्त कार्यक्रममा संस्थाका अध्यक्ष एवम् कार्यक्रम सभापति श्री आश बहादुर गुरुङ्गले पोखरा बचत सहकारीले विगतका वर्षहरुमा पनि रक्तदान, निःशुल्क स्वास्थ्य शिविर, छात्रवृत्ति वितरण, विद्यालय पोशाक तथा शैक्षिक सामग्री वितरण जस्ता विभिन्न सामाजिक क्रियाकलापहरु संचालन गर्दै आईरहेकोमा यस पटक गिता मन्दिरमा रहेको स्वच्छ खानेपानीको समस्यालाई मनन् गर्दै युरोगार्ड सहयोग गरिएको जानकारी दिए ।सहकारी संस्थाका सचिव समिरमान उदासले संचालन गर्नुभएको उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष एवं शिक्षा उपसमितिका संयोजक ई. सुरेन्द्रबहादुर गोदारले उपस्थित शेयरसदस्यहरुलाई स्वागत गर्नुका साथै कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेका थिए । २०५९ साल बैशाखमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, कास्कीमा विधिवत रुपमा दर्ता भई सञ्चालनमा आएको पोखरा बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र कास्की जिल्ला भरि कायम रहेको छ । पोखराको सृजनाचोकमा प्रधानकार्यालय तथा नयाँबजारमा एक सेवाकेन्द्र रहेको उत्त सहकारी संस्थामा हाल १५ सय भन्दा बढी शेयरसदस्यहरु छन् । साथै संस्थामा हाल १६ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

# मेरो सक्रियता जनताको चाहाना हो : पुर्व राजा

## सबैलाई समेट्ने संविधान आउनुपर्ने भनाई

**गोल्डेन न्यूज संवाददाता**
**बैशाख,१३ चितवन**

पुर्व राजा ज्ञानेन्द्र शाहको आज चितवनमा नागरीक अभिनन्दन गरीएको छ । पृथ्विनारायण शाह स्मृति प्रतिष्ठानले गरेको सम्मान कार्यक्रममा शाहले मुलुकको संविधान बनाउदा केहीको मात्र हैकम रहन नहुने जनताको चाहाना रहेको आफुले पाएको बताएका छन् । साथै उनले आफु देशका विभिन्न ठाउँको भ्रमणमा जाँदा जनताले आफुसँग जनताको दुख, मुलुकको मौलीकता, धार्मीक परम्पराका साथै राष्ट्रिय सममानका सवालमा चिन्ता गरेको बताए । प्रकृति र राजनिति परिवर्तनशिल रहेको भन्दै पुर्व राजा शाहले परिवर्तन स्वभावीकै भएपनि त्यसको परिणिति र परिणामको समिक्षा हुनुपर्ने बताए । राष्ट्र प्रति चासो राख्ने जनताले राष्ट्रियता धरापमा पार्नु हुदैन भन्ने जनभावना रहेको पनि आफुले पाएको भन्दै उनले आफु राजतन्त्रकै पदचापमा रहेकाले जनताले आफु प्रति यस्तो गुनासोको गन्थनमन्थन गर्नु स्वभावीकै रहेको पनि उनको भनाई छ । उनले अरुका शब्दको सिको नगरी मुलुकको एकता कायम रहने र नेपाली पनको सुन्दर माला नछिन्ने गरी राष्ट्रियतालाई सम्मोचित गर्नुपर्नेमा जोड दिए । नागरीक सम्मान तथा विचार गोष्ठिमा सिमाविद् बुद्धिनारायण श्रेष्ठ, डा. सुरेन्द्र केसी नेपाली काँग्रेसका नेता देवेन्द्र नेपालीले पनि मुलुकको समसामयीक राजनिति र राष्ट्रियताको बारेमा धारणा राखेका थिए ।

# नवप्रभात स्काउट ट्रूप/ओपन क्र्युको भितेपात्रो लोकापर्ण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ बैशाख**

नवप्रभात स्काउट ट्रूप/ओपन क्र्युद्धारा प्रकाशित भितेपात्रोको लोकार्पण नवप्रभात माध्यामिक विद्यालयको प्राङ्गणमा एक कार्यक्रमका बिच शनिबार सम्पन्न भएको छ ।

स्काउटिङ्ग सम्बन्धि ज्ञानको प्रचार प्रसार गर्ने तथा आर्थिक आय अर्जन गर्ने उद्देश्यका साथ प्रकाशित भित्तेपात्रो -२०७१ को कास्की जिल्लाका जिल्ला शिक्षा अधिकारी एवं नेपाल स्काउट कास्कीका जिल्ला परिषदका अध्यक्ष डिल्लीराज लुइटेलको प्रमुख आतिथ्यतामा लोकार्पण गरिएको हो ।भित्तेपात्रोको बिमोचन गर्दै जिल्ला शिक्षा अधिकारी लुइटेलले अनुशासन, सामाजिक सेवा र अतिरिक्त कृयाकलापको लागि अनिवार्य स्काउट गतिविधि सबै विद्यालयसम्म पुऱ्याउनुपर्ने र यसमा आफ्नो पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा जिल्ला स्काउट कार्यालय कास्कीका जिल्ला आयुक्त सारदा पराजुली, पूर्व राष्ट्रिय सचिव एवं केन्द्रीय सल्लाहकार सदस्य हेरम्बप्रसाद कोइराला, युवा व्यवसायी आयुष श्रेष्ठ, रेञ्जर सुस्मिता श्रेष्ठ लगायतका वक्ताहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष इश्वर कर्माचार्य, राष्ट्रिय पार्षद शिवबहादुर भण्डारी, जिल्ला समन्वय आयुक्त धिरज थापा लगायत जिल्लाका पदाधिकारी तथा सदस्यहरु, स्काउट मास्टरहरु र रोभर/रेञ्जरहरुको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको स्वागत मन्तव्य रोभर सुमन शर्माले गरेका थिए । नवप्रभात माविका प्रधानाध्यापक एवं नवप्रभात स्काउट ट्रूपका इकाई अध्यक्ष विजयराज भण्डारीको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रमको संचालन जिल्ला संगठन आयुक्त एवं नवप्रभात स्काउट ट्रूपका स्काउट मास्टर सागर पौडेलले गरेको जानकारी नवप्रभात ओपन क्र्युका सचिव प्रमोद बञ्जराले दिएका छन् ।


**जग्गा भाडामा**

**पोखराको मुख्य शहरबाट १२/१३ K.M.नजिक भरतपोखरी वडा नं. ४ कपासे, भट्टराई पोल्ट्री फार्म नजिक रहेको पोल्ट्री फार्म, बंगुर पालन, गाईभैसी पालन, स्कुल, कलेज, वोर्डिङ साथै कृषि उत्पादनको लागि अति उपयुक्त जग्गा भाडामा छ। ईच्छुक व्यक्ति, संघसंस्था वा सहकारीले तुरुन्त सम्पर्क गर्नुहोला।**

**सम्पर्क**
**९८५६०-२०३२७**

१००% ग्यारेन्टी उपचार
जाँड रक्सी
साथै चुरोट गाँजा थाहा नदिई ३ दिनमा नै छुटाउने ।
SEX शिघ्र स्खलन, उत्तेजना नहुने साथै लिङ्गको मोटाई र लम्बाई बढाउने उपकरण जस्तो सुकै यौन समस्याको सफल उपचार
१ महिनामा ३ देखि १० के.जी.सम्म मोटोपन घटाउने
HIGHT: १ महिनामै ३ इन्च सम्म उचाई बढाउने
भेजीना : टिनेजरको जस्तै कसिलो बनाउने जेल साथै ड्रप्स
चाँया कालो पोतो: डण्डीफोर, दाग, चाउरीपन, मखिया हटाई पुरै शरिर गोरो बनाउने Fear Look
दुप्लो पातलो: शरिरको तौल एक महिना मै ३ देखि १० केजी बढाउने ।
चिरा: महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउने
स्तन: चाहेजति बढाउने, घटाउने साथै टाइटगर्ने क्रिम
केश: झर्न रोकी तुरुन्तै उमार्ने HERBAL OIL
हामीकहाँ एलोभेरा जुस पनि पाइन्छ ।
पुरानो ग्याष्टिक, दम, पायल्स ठिक पार्ने हर्बल चुर्ण
POWER POINT: ढाड तथा हाडजोर्नी दुखाई तुरुन्तै ठिक पार्ने मसाज तेल
टि.भी तथा पत्रिकामा देखाईने सम्पूर्ण सामानहरु हामीकहाँ पाइन्छ ।
फ्रि होम डेलीभरी
माछापुच्छ्रे हर्बो ट्रेड
पृथ्वीचोक (पोखरा विजनेश कम्प्लेक्स भित्र), फोन नं.: ०६१-५३१८६७, मो. ९८४६१-३७४१८

हामी सरेका छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)
Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

Apply without IELTS
WHY NOT
NEW ZEALAND
- Comparably Affordable Tuition Fee
- Job Search Visa After Study
- High Visa Success Rate
- Get (Airport Pick Up/ 2 Weeks Accommodaion/Laptop/Mobile Sim) PROVISION OF NTEC, Auckland
- Many - Subjects/Colleges/Cities @ Your Choice
TRINITY EDUCATION FOUNDATION
Bastolathar, Mahendrapool, Pokhara BRANCH: Chakrapath Maharajgunj, KTM
T: 061-525739 / 521639
Ktm: 01-4720635 / 4720655 info@trinityeducation.edu.np

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA
यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, पुन सुहाग रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
तौल घटाउने जापनिज deit मात्र २५००।-
ढाड तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेननिल
* तौल घटाउन Slim 24 pro
पोखरा हर्वल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

१००% ग्यारेन्टी उपचार
१) चायाँ, पोतो डन्डीफोर र मखियालाई एक हप्तामै ग्यारेन्टीका साथ हटाइने । (रू.3000 मात्र)
२) मोटोपना बिना Side effect 100% ८ केजी एक महिनामा घटाउने ।
३) कपाल झर्न रोक्न र कपाल उमार्ने । सेतो फुलेको कपाललाई ५ मिनेटमै कालो बनाउने ।
४) महिनामा १-३ इन्च हाईट बढाउने Dr. Ayurbeda 100%
५) मोटोपन बढाउनकालागि आयुर्वेदिक औषधी ।
६) चाउरीपना हटाउने ।
७) पिनासका लागि आयुर्वेद औषधि
८) पेटमा भएको धर्सा हटाइने विशेष गरी महिला...
९) स्तन घटाउने, बढाउने र टाइट गर्ने 100% Guarantee ।
१०) गोरोपन र चम्किलो मुहारकालागि रूप अमृत ।
११) जाँड, रक्सी, सुर्ती, चुरोट केही दिनमा थाहा नदिइ हटाइने ।
स्किन टेस्ट गरेर हर्वल कस्मेटीक प्रोडक्ट प्रयोग गराईने 100% ग्यारेन्टीका साथ
Note:- हामीकहाँ स्किन टेष्ट गरेर हर्वल कस्मेटिक प्रोडक्ट प्रयोग गराइने 100% Guarantee का साथ ।
बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुंगा, पोखरा-९
(मल्ल इम्पोरियमको अगाडि) द्वा कम्प्लेक्स भन्दा दुई घर तल
फोन: ९८४६१५४१८८, ०६१-६२१२०२



नेपाल निजामति कर्मचारी यूनियन कास्कीको सातौं जिल्ला अधिवेशनको शनिबार पोखरामा आयोजित उद्घाटन समारोहमा उपस्थित यूनियनका केन्द्रीय अध्यक्ष, संविधान सभाका सदस्यहरु र नेपाली काँग्रेस एवं विभिन्न भातृ र शुभेच्छुक संस्थाका प्रतिनिधिहरु उद्रघाटन समारोह यूनियनका कास्की जिल्ला अध्यक्ष रामजी प्रसाद कोइरालाको अध्यक्षतामा सम्पन्न भएको थियो । तस्वीर : शिरोमणी बराल(गोल्डेन न्यूज)

# उच्च माविको परीक्षा र नतिजा समयमै गर्न माग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ बैशाख**

कक्षा ११ र १२ को परीक्षालाई मर्यादित रुपमा सञ्चालन गरी समयमै नतिजा प्रकाशन गर्नुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । उच्च माध्यामिक शिक्षा परिषद्द्धारा २०७१ सालको वार्षिक परीक्षा सम्बन्धि परीक्षा केन्द्र व्यवस्थापन कार्यशालामा सहभागिहरुले उक्त कुरामा जोड दिएका हुन् ।उनीहरुले उच्च शिक्षालाई रोजगारीमूलक बनाउनुपर्ने खाँचो समेत औल्याए ।

कार्यक्रममा उच्च माध्यामिक शिक्षा परिषद्का परीक्षा नियन्त्रक दुर्गाप्रसाद अर्यालले २०५० सालबाट सुरु भएको ११ र १२ कक्षाको परीक्षालाई मर्यादित रुपमा सञ्चालन गर्न परिषद लागि परेको बताए ।अभिभावक सघं नेपालका केन्द्रीय सदस्य हेमराज बरालले समयमै परीक्षा सञ्चालन, परीक्षाफल प्रकाशन त्रुटीरहित ढङ्गले गरिनुपर्ने कुरामा जोड दिदै प्राविधिक रोजगारमूलक र वैज्ञानिक शिक्षा अहिलेको अपरिहार्यता रहेको उल्लेख गरे । जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासकीय अधिकृत कृष्ण प्रसाद भण्डारीले परीक्षामा सुरक्षा लगाएतको प्रबन्ध मिलाइने बताए ।उच्च माध्यामिक शिक्षा परिषद् पश्चिमाञ्चाल क्षेत्तीय कार्यालयका प्रमुख रमेशप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक चन्द्रा गुरुङ्ग, सहायक जिल्ला शिक्षा अधिकारी गोबिन्द पोखेल, हिसानका अध्यक्ष रमाकान्त बराल, शिक्षक यूनियन कास्कीका अध्यक्ष जगन्नाथ अधिकारी, प्राचार्यहरु मधुशुधन सापकोटार दुर्गालाल पण्डित लगाएतले बैशाख १९ गते देखि जेठ ११ गतेसम्म हुने कक्षा ११ र १२ को परीक्षालाई मर्यादित रुपमा सम्पन्न गर्न सबै पक्षको जिम्मेवारपूर्ण भूमिका हुनुपर्ने कुरामा जोड दिएका थिए ।

# पोखरा इन्जिनियरिङ्ग कलेजमा निशुल्क स्वास्थ्य शिविर

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ बैशाख**

पोखरा इन्जिनियरिङ्ग कलेजमा अध्ययनरत कम्प्युटर चौथो वर्षका विद्यार्थीहरुले शनिवार कलेजमै निशुल्क स्वास्थ्य शिविर गरेका छन् । कलेजका कम्प्युटर तथा इलेक्ट्रोनिक्स विभाग प्रमुख ई.सुरज तुलाचनको आतिथ्यतामा भएको शिविरमा २ सय ११ जनाले नि:शुल्क स्वास्थ्य परिक्षण गराएका छन् । शिविरमा डा.किशोर छन्त्याल, डा.विवेक गुरुङ, डा.विष्णु भण्डारी, डा.सँज्ञा ज्ञावली, डा.अनमोल पौडेल र डा.सम्भु ढकालले स्वास्थ्य परिक्षण गरेका थिए भने सरफ लाल शाहले औषधि बितरण गरेका थिए ।

प्रकाश सुनारको सभापतित्व र ई.सरोज गिरिको बिषेश आतिथ्यतामा भएको नि:शुल्क स्वास्थ्य परिक्षण शिविरमा पोखरा इन्जिनियरिङ्ग कलेजका भु.पु. विद्यार्थी ई.प्रकाश के.सी.ले डाक्टरहरुलाई प्रशंसापत्र वितरण गरेका थिए ।

शिविरलाई सहजरुपमा सम्पन्न गर्नको लागि स्वयम सेवकको रुपमासुरज अर्याल, विर थापा, समिर गुरुङ, राजन गिरी, अनिल राना र २०११ ब्याच कम्प्युटरका विद्यार्थीहरुको सक्रिय सहभागिता थियो ।

# मानवअधिकारमैत्री संविधान बनाउने सभासद्हरुको प्रतिवद्धता

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख ।**

संविधान सभामा जिल्लाबाट निर्वाचित सभासद्हरुले आगामी संविधान मानवअधिकार मैत्री बनाउने प्रतिवद्धता व्यक्त गरेका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा र एभिन्यूज टेलिभिजनद्धारा वैशाख १३ गते पोखरामा आयोजित मानव अधिकारमैत्री संविधान निर्माणमा सभासदहरुको भूमिका विषयक अन्तरसम्वाद कार्यक्रममा बोल्दै उनीहरुले सो प्रतिबद्धता जनाएका हुन् ।कार्यक्रममा बोल्दै नेपाली काँग्रेसबाट निर्वाचित सभासद यज्ञबहादुर थापाले आम समुदायको हक, हितर अधिकार सुनिश्चितहुने गरी मानवअधिकारमैत्री संविधान निर्माण गरिने बताए ।

नेकपा एमालेबाट निर्वाचित सभासद रवीन्द्र अधिकारीले संविधान मानवअधिकार मैत्री बनाउन पहल गर्ने .बताउदै अधिकारसंगै आमनागरिकले आफ्नो कर्तव्यको पालनागर्नुपर्नेमाजोड दिए । कार्यक्रममा सहभागीनागरिक समाज, मानवअधिकारकर्मी, कानुनव्यवसायी, सञ्चारकर्मी, प्राध्यापक, तेस्रो लिङ्गी,दलित, महिला, आदीवासी जनजाती लगायतले मानवअधिकार मैत्री संविधानमा सवै वर्ग, क्षेत्र र समूदायका हकअधिकारलाई मौलिकहक रुपमा समावेश गरिनु पर्ने बताए । उनीहरुले आमाको नामबाट नागरिकता प्रदान गरिने विषयलाई कडाईका साथ कार्यान्वयन गरिनु पर्ने व्यवस्थाउल्लेख गरिनु पर्ने, स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार, खाद्य अधिकार तथा द्वन्द्व पीडित, लैङ्गिक अल्पसंख्यक, अपाङ्ग,महिला, बालबालिका तथा जेष्ठ नागरिकका अधिकारलाई संविधानमा सुनिश्चित गर्नका लागि आग्रह गरे । कार्यक्रममाबोल्दै इन्सेक पोखराका क्षेत्रीय संयोजक भोला महतले संविधानमानअधिकार मैत्रीनिर्माणका लागि स्थानीय स्तरबाट दवाव सृजनागर्ने उद्देश्यले सभासद् र नागरिक समाजवीच अन्तरसंवाद कार्यक्रम आयोजना गरिएको बताए ।कार्यक्रमको एभिन्यूज टेलिभिजन पोखरा व्यूरो प्रमुख रामकृष्ण ज्ञवालीले सञ्चालन गर्दै कार्यक्रमलाई एभिन्यूज टिभीबाट छिट्टै प्रशारण गरिने बताए ।

# सामुदायिक प्रहरीको घरदैलो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख ।**

सामुदायिक सेवा केन्द्र पृथ्वीचोक ९ पोखराको आयोजनामा सचेतनामूलक घरदैलो कार्यक्रम सम्पन्न भएको छ ।

केन्द्रको आयोजनामा शनिवार सेवा केन्द्रका अध्यक्ष चिरञ्जीवि श्रेष्ठको अध्यक्षतामा पो.उ.म.न.पा.८ स्थित भैरवमार्गका वडा एरियाहरुका ५५ घरधुरीहरुमा सचेतनामूलक घरदैलो कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा केन्द्रका कार्यसमिति, उपसमिति, कार्यरत प्रहरी कर्मचारी र कार्यालय सचिव समेतको उपस्थिति रहेको थियो । वर्तमान समयमा दिनानुदिन वढ्दै गईरहेको चोरी, डकैती,लुटपाट एवं लागूऔषध दूर्व्यसनी विरुद्ध र समाजमा हुने विकृति,विसङ्गतिलाई न्यूनिकरण गर्नका लागि सामुदायिक सेवा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो ।

## तु-आवश्यकता

सुनौलो एफ.एम.१०२.२ मेगाहर्ज र गोल्डेन न्यूज दैनिकका लागि समाचारदाता र समाचार वाचकको आवश्यकता परेकोले ईच्छुक र अनुभवी व्यक्तिले तुरुन्त आफ्नो व्यक्तिगत विवरण सहितको निवेदन कार्यालयमा बुझाउन यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यालय :**
**मानवअधिकारचोक**
**चिप्लेढुङ्गा, पोखरा**
**सुनौलो विल्डिङ्ग**

# खेलकुद समाचार

## संगम सेभेन ए साईड फुटबल जारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख ।**

चौथो संगम सेभेन ए साईड फुटबल प्रतियोगिता अर्न्तगत शनिबार पहिला चरणका ७ वटा खेलहरु सम्पन्न भएका छन । माछापोखरीको खेल मैदानमा शनिबार भएको पहिलो खेलमा के.वाई.सी. सिङदी ले हेन्सम गाईजलाई २-० को गोल अन्तरले पाखा लगायो । सिङदीको जितमा बुद्धिराज गुरुङ र मोहन गुरुङले एक एक गोल गरे ।योगेश दुराको निर्णायक एक गोलको मद्धतले दोश्रो खेलमा डी.वाई.सी. मिलनटोलले नदीपुर एफ.सी. लाई पराजित गर्‍यो । ए.बी.सी.ले आयोजक संगम क्लवको जुनियर टोलीलाई शुन्यको बिरुद्ध ८ गोलको फराकिलो अन्तरले पराजित गर्‍यो । एबिसीका असोक गुरुङ र रितेस गुरुङले दुई/दुई गोल गरे भने बसन्त गुरुङ, सुवास बस्नेत, लोप्सान गुरुङ र दिलिप श्रेष्ठले एक एक गोल गरे ।

अक्षय सारुको निर्णायक एक गोलको मद्दतले चौथो खेलमा रन्जन मेमोरीयल स्मृति क्लव लामाचौरले आयोजक संगम (ए) लाई पराजित गर्‍यो । सुवास गुरुङ र साजी गुरुङको एक एक गोलको मद्दतले पाचौं खेलमा बी-१३ ले नेपाल मुस्लिम क्लवलाई २-० ले पन्छायो । एन.वाई.सी. एले टाईब्रेकरमा सृजनशिल युवा क्लवलाई ३-२ को गोल अन्तरले पराजित गर्‍यो । निर्धारित समयमा दुबै तर्फ गोल हुन नसके पछि निर्णायको लागि खेल टाईब्रेकरमा धकेलिएको हो । निकै प्रतिष्प्रर्धामा शनिबारको सम्पन्न भएको अन्तिम खेलमा मालेपाटन एफ.सीले ब्रदर एफ.सीलाई टाईब्रेकरमा २-१ को गोल अन्तरले पराजित गर्‍यो । निर्धारित समयमा दुबै तर्फ एक एक गोल भए पछि खेल टाईब्रेकरमा धकेलिएको हो । आईतबार पहिलो तथा दोश्रो चरणका ७ खेल हुने भएको क्लवका कोषाध्यक्ष पुर्ण सुव्वा गुरुङले बताए ।

## पोखराको मासबारमा बुद्ध क्रिकेट एकेडेमी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ वैशाख ।**

पोखरामा क्रिकेट खेलको विकास गर्ने उद्देश्यका साथ पोखरा-७ मासबारमा बुद्ध क्रिकेट एकेडेमीको उद्घाटन भएको छ । पोखरामा पहिलो पटक क्रिकेट एकेडेमीको सुरुवात गरिएको हो । पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले शनिबार उक्त एकेडेमिको उद्घाटन गरेका हुन् । एकेडेमिले उद्घाटनसँगै शनिबारदेखि पाँच दिने क्रिकेट तालिमको आयोजना गरेको हो । तालिममा ५० जनाको सहभागिता रहेको एकेडेमीका संचालक लक्षु थापाले जानकारी दिए । तालिममा अष्ट्रेलियन हाइ प्रफोमेन्स मेनेजर एन्ड्रयू डाउसनले प्रशिक्षण दिने भएका छन् ।

उद्घाटन कार्यक्रममा बोल्दै पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत अधिकारीले पोखरामा क्रिकेटको विकासको लागि एकेडेमिले महत्वपूर्ण भूमिका खेल्ने विश्वाश प्रकट गरे । उनले एकेडेमीका लागि सक्दो सहयोग गर्ने बताए । कार्यक्रममा एकेडेमीका सल्लाहकार भोजराज बरालले क्रिकेट सम्बन्धी तालिम आवश्यक रहेको भन्दै तालिममा सहभागि सबैले राम्रोसँग ज्ञान लिन आग्रह गरे ।


**"हाम्रो पोखरा, राम्रो पोखरा"**

प्रत्येक आइतबार बिहान ७:३० बजे पछि **सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज**मा प्रशारण हुने **रेडियो कार्यक्रम हाम्रो पोखरा, राम्रो पोखरा** अन्तर्गत आजको श्रृङ्खलामा पोखरा उपमहानगरपालिकाका ईन्जिनियर महेन्द्रबहादुर गोदारसँग पोखराको ल्याण्डफिल साईडसँग सम्बन्धित विषयमा राजाराम पौडेलले गर्नुभएको विशेष कुराकानीलाई सुन्न नभुलौं ।

102.2 sunaulo fm
**सुनौलो एफ.एम.१०२.२ मेघाहर्ज**



**गण्डकी फार्म-रेष्टुरेण्ट जाऊँ**
**ट्राउट माछाको परिकारमा रमाऊँ**

पश्चिमाञ्चल क्षेत्रकै पहिलो ट्राउट फार्म भुर्जुङ्गखोला मूलखेतमा स्थापनाको चौंथो वार्षिक उत्सवको अवसरमा ट्राउट माछाका विभिन्न परिकारहरुमा विशेष छुटका साथै यही बैशाख १८ गते विभिन्न मनोरञ्जन तथा हिमाली साँस्कृतिक परिवारबाट विविध साँस्कृतिक कार्यक्रमहरु हुँदैछ ।माछाका पारखीहरुले यो अवसर नगुमाऔँ । स्वास्थका लागि ट्राउट खान नछुटाऔँ ।

**स्थान: भुर्जुङ्गखोला मूलखेत**
**सम्पर्क: ९८१५१५३४२४, ९८५६०२९५७९**



**Staff Wanted**

An Automobile company is looking for self motivated intellectual sales Male staff, having good communication skills and capable of pursuading, dealing with our high profile customer and sustaining good PR.

Experience in Automobile line would be added advantage.

***Qualification :*** BBA/+2 Passed
Note : Candidate must have driving licence both 2 & 4 wheeler.
*Interested candidate to submit C.V. at office hour from 10 am till 5 PM.*

***Contact :***
**061-532372/9801168704**
*However Fresher May Apply*



**STUDY IN JAPAN**

100% Scholarship program for October/April session. **अब तपाईंको पालो** 2014 April session 19 **जनाले** 100% Scholarship **प्राप्त गर्न सफल ।**

**विशेषताहरू :**
❖Fee **तिर्नु नपर्ने** ❖Hostel Free ❖Part Time Job **लगाइदिने**

**Reguirement**
1. +2/Bacheleor/Master 2.NAT/JLPI **पास भएको हुनुपर्ने**
3.Bike **लाइसेन्स भएको हुनुपर्ने**

**Japanese Language & Education Culture Centre (JLECC)**
**Mansona Square Top Floor**
**न्यूरोड, पोखरा (पूर्णिमा हल भन्दा ठीक दुईघर तल)**
Phone : 061-538376



**नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा**

**के तपाईंसंग पुराना कम्प्युटरहरू छन् ?**
**पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।**
**नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।**

**Online Computer Institute**
**न्यूरोड ९, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)**
**सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२**



**के तपाईमा यौनसम्बन्धी समस्या छ ???**

**पुरूषमा देखिने**
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

**महिलाहरूमा देखिने**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने -बाँझोपन) नि:सन्तानको सफल उपचार**

**जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म**

**सम्पर्क स्थान**
**माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
**फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१**



**हार्दिक बधाई**



**सुरूची थापा**

यस विद्यालयको कक्षा ८ मा अध्ययनरत छात्रा सुरूची थापाले द लुक्स फेसन होमद्वारा आयोजित **3rd Little Miss Pokhara-2014** मा 1st Runner up (फस्ट रनर अफ) को ताज पहिरन सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उनको उत्तरोत्तर प्रगतिको कामना गदछौं ।

प्राचार्य एवं
**डाइनामिक एकेडेमी परिवार**
पोखरा-८, सिमलचौर



**काठमाडौंका मृगौंला रोग विशेषज्ञ पोखरामा**

**पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि**मा काठमाडौं विर हस्पतालको मृगौंला विभागमा लामो समय काम गरी हाल मानव अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरमा कार्यरत मृगौंला रोग विशेषज्ञ डा. सन्तोष गुरुङ आउनुहुने भएकाले पोखरामै बसेर काठमाडौंको सुविधा लिने मौका नछुटाउनुहोला ।

**मृगौंला रोग लाग्दा देखिने समस्याहरू**

**प्रत्येक महिनाको तेस्रो शनिबार**

❖पिसाव पोल्ने, पिसावबाट प्रोटिनको मात्रा गईरहने । ❖हातखुट्टा, अनुहार फुल्ने, सुन्निने, ढाड, कम्मर दुख्ने । ❖सुगर (मधुमेह), व्लडप्रेसरका कारण मृगौंला कमजोर हुने अवस्था । ❖मृगौंलाको उपचार तथा डाइलाइसिस गराई रहेको विरामीहरू । ❖मृगौंला प्रत्यारोपण ( फेरेका) गरेर औषधि खाइरहेका बिरामीहरूलाई नियमित सल्लाह लिनु परेमा । ❖रगतमा Urea/ Creatinine को मात्रामा बढिरहेको अवस्था । ❖मृगौंलामा पत्थरी/सिष्ट भएकाहरू । ❖लामो समयदेखि कुनै रोगको कारण औषधि लिइरहेको तर औषधिको मात्रा मिले/नमिलेको अवस्थामा मृगौंलाको क्षतिबाट बच्न आवश्यक सल्लाह लिनु परेमा । ❖सर्प तथा अन्य किराको टोकाइका साथै अन्य दुर्घटनाका कारण मृगौंलामा असर पर्ने भएकोले सो सम्बन्धी परामर्श गर्नुपरेमा । ❖उच्च तापक्रम/कम तापक्रममा साथै बढी शारीरिक परिश्रम प्रयोग गरी काम गर्दा मृगौंलामा असर पुग्न जाने भएकोले समयमै आवश्यक सल्लाह लिनुपरेमा ।

**मृगौंला सम्बन्धी रगत जाँच गर्नुपर्ने बिरामीहरूले अघिल्लो दिन पनि सम्पर्क गर्न सकिनेछ ।**

सम्पर्क स्थान : **पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.,**
पोखरा-१०, इन्द्रचोक, (रंगशाला २ नं. गेट अगाडि)
फोन : ०६१-५२१९२४, ५२८२४३

मिति : २०७१ वैशाख २० गते शनिबार
समय : बिहान ८ बजेबाट

**फोनबाट समेत नाम दर्ता गराउन सकिनेछ ।**


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा